**SET-4**

**Series BVM/C**

**कोड नं.**
**Code No. 24**

रोल नं.
Roll No.

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **4** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **10** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ़्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **10** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 100*

*Time allowed : 3 hours* | *Maximum Marks : 100*

## खण्ड क

**1.** (क) (अ) छन्द कति प्रकारका छन् ? के के ? *1*

(आ) चार 'स' गण भएको छन्द कुन हो ? *1*

(इ) वर्णको आधारमा निर्धारण गरिने छन्द कुन हो ? कुनै दुइ छन्दको नाम लेख्नोस् । *1+1*

(ई) लघु र गुरुको चिन्ह के हो ? *1*

(उ) कुन गणमा तिनैवटा वर्ण लघु हुन्छ ? *1*

(ख) (अ) अलंकार भन्नाले के बुझिन्छ ? साहित्यमा यसको के महत्व छ ? *3*

(आ) तल दिइएका मध्ये कुनै ***एक*** अलंकारको उदाहरण सहित परिचय दिनोस् :

श्लेष, अतिशयोक्ति । *3*

## खण्ड ख

**2.** मातृभाषाको अध्ययनमा विद्यार्थीहरूको कमजोरीलाई महसुस गर्दै त्यसको समाधान कसरी निकाल्न सकिन्छ तपाईंको अनुभव पोखाएर भाइलाई एउटा पत्र लेख्नोस् । *7*

**3.** तलका कुनै ***एक*** विषयमाथि 250 शब्दभित्रका एउटा चाखलाग्दो निबन्ध लेख्नोस् : *8*

(क) असल खेलाड़ी बन्न सके शारीरिक र आर्थिक विकास दुवै संभव छ ।

(ख) सुख र सम्वृद्धि, बुद्धि र परिश्रमको फल हो ।

## खण्ड ग

**4.** (क) "ती दम्पतिका सन्तान दुइ नापोका थिए तर संसारको सार दुवैले एउटै कुरालाई देखेका थिए; एउटी छोरी – चौध वर्षकी – रानु – अरू सन्तान थिएनन् ।"

(अ) उपर्युक्त गद्यांश कुन पाठबाट उद्धृत गरिएको हो अनि यसका लेखक को हुन् ? *1*

(आ) 'ती दम्पतिका संसार दुइ नापोका थिए' यी दुइ दम्पति भन्नाले कस-कसलाई बुझिन्छ ? तिनीहरूका संसार कसरी दुइ नापोका थिए ? $2\frac{1}{2}$

(इ) ती दुवैले देखेको एउटै कुरो के थियो अनि किन ? $1\frac{1}{2}$

(ख) "रनेलाई न भोक छ न त नीद । त्यसको आगामा पखेटा लागेको थियो । त्यसलाई शारीरिक परिश्रमको वास्ता नै थिएन ।"

(अ) उद्धृतांश कुन पाठबाट निकालिएको हो ? यसका लेखक को हुन् ? *1*

(आ) माथिको गद्यांशलाई भाव विस्तार गरेर लेख्नोस् । *4*

**अथवा**

रनेले आफ्नो इच्छा आकाँक्षा पूरा गर्न
कसरी परिश्रम गरेका थिए ? उनको
यो इच्छा आकाँक्षा के पूरा हुन सक्यो ?

(ग) मुसोलाई किन परजीवि प्राणी भनिन्छ ? मुसोको सानो दुलोलाई गाई जस्तो ठूलो प्राणीले कुल्चेर सहजै बुचाउन सकिन्छ भन्ने कथनबाट के बुझ्न सकिन्छ ? *5*

**5.** तलका कुनै ***दुइ*** प्रश्नका उत्तर लेख्नोस् : *5×2=10*

(क) 'सपनी ज्यानमा, एक झल्को देखे माया त दिनभरि ।'
यो गीतबाट सपनाको प्रभाव कसरी झल्कन्छ ?
उपर्युक्त गीत लेखिएको पाठको र लेखकको नाम लेख्नोस् ।

(ख) डा. फल्क्सको मस्तिष्क प्रत्यारोपण पछि डा. फिल्डको व्यवहारमा के परिवर्तन आयो ? डा. रूडीग्रेको विचारमा यो परिवर्तनको कारण के थियो ?

(ग) अँग्रेजी बोल्ने र लेख्न-पढ्न सक्नेको मात्र समाजमा इज्जत, मान-सम्मान छ भन्ने कुरोको आशय हाइ ! हाइ ! अँग्रेजी ! पाठमा लेखकले कसरी दर्शाएको छ ?

**6.** (क) वर्षा विचारमा कविले वर्षा ऋतुमा मेघ, जल, प्रकृति एवं वर्षाको प्रकोप बारे गरेको वर्णनलाई संक्षेपमा पेश गर्नोस् । *6*

(ख) सप्रसंग व्याख्या गर्नोस् (कुनै ***एक***) : *4*

(अ) तन गर्छ जलेवाको प्रशंसा, मीनको मन ।
प्राण भन्छ म चाहन्छु मेघको दिव्य जीवन ।।

(आ) वसन्त कै सरी सारा वगैंचाका बहार छ ।
हावा वसन्तकोभन्दा ज्यादा महकदार छ ।।

**7.** (क) नाटक शब्दको उत्पत्ति कसरी भएको छ ? नाटकलाई अँग्रेजीमा के भनिन्छ ? नाटक शब्दको साधारण अर्थ के हो ? *2+1+2*

(ख) वन्दिनी अथवा नितीशालाई कुन अपराधमा वन्दी बनाइएको थियो ? तिनले कलमलाई किन शक्तिशाली हतियार मान्थिन् ? *2+3*

**8.** (क) "सजाय त अचाकली भो कालापानी भेजे जतिकै भो" भनेर कमानवासीले को माथि अनि किन यसरी रीस पोखाए ? *5*

(ख) मेकी कमानबाट हट्टाबाहिर भएपछि जसेको अधिल्लो जीवन कहाँ गएर कसरी वित्यो ? *5*

**9.** (क) नेपाली साहित्यमा समालोचकको रूपमा चिनिने साहित्यकार को हुन् ? चुनेर लेख्नुहोस् लेखनाथ पौड्याल, रामकृष्ण शर्मा, बालकृष्ण सम ।

(ख) 'प्यारो सपना' लेखका लेखक को हुन् ?

(ग) 'नाटक सम्राट' कसलाई भनिन्छ ?

(घ) 'कवि शिरोमणि' कसलाई भनिन्छ ?

(ङ) तरुण-तपसी खण्ड काव्यका कवि को हुन् ?

(च) बालकृष्ण समको पूरा नाम के हो ?

(छ) रामकृष्ण शर्माको जन्म कहिले भएको थियो ?

(ज) 2026 सालमा लेखनाथ पौड्यालले कुन पुरस्कार प्राप्त गरेका थिए ? *8×1=8*

**10.** (क) एक जातिले अर्को जातिको भाषा नबुझ्नुको अर्थ के हो ? *2*

(ख) नेपाली भाषा जान्नेलाई हिन्दी भाषा बुझ्न किन गाह्रो पर्दैन ? *2*

(ग) प्राचीनकालमा आर्यभाषा वा भारोपेली भाषा कहाँ-कहाँ बोलिन्थे ? *2*

(घ) नेपाली भाषा सबै नेपाली जनताको साझा भाषा हो भनेर कसरी भन्न सकिन्छ ? *2*

(ङ) मुलुक बाहिर र भ्रमर उपन्यासका लेखकहरू को को हुन् ? *2*